## २०८० मंसिर ५ गतेको सचिव बैठकका निर्णयहरु

१. **अघिल्लो सचिव बैककका निर्णय कार्यान्वयनको समीक्षाः** मिति २०८०।०७।०१ गतेको सचिव बैठकका निर्णय कार्यान्वयनको समीक्षा गरियो।

२. **भूकम्प प्रभावित नागरिकका लागि सहयोग गर्नेः** भूकम्प प्रभावित नागरिकको लागि राष्ट्रसेवक कर्मचारीको तर्फबाट देहाय बमोजिम सहायता प्रदान गर्ने निर्णय (सचिव बैठक, संघ) भएकोले निर्णय कार्यान्वयन गर्ने।

- विशिष्ट तथा प्रथम श्रेणीः ३ दिन बराबरको तलब।
- अधिकृतस्तर कर्मचारीः २ दिन बराबरको तलब।
- सहायकस्तर तथा अन्य सबैः १ दिन बराबरको तलब।

उक्त रकम देहायको खातामा जम्मा गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेशलाई यथाशिघ्र जानकारी गराउनेः-

**खाताको नामः कर्णाली प्रदेश लेखा नियन्त्रक कार्यालय (विपद व्यवस्थापन कोष विवध खाता)**

खाता नम्बरः ४०८०१०००२०२०६००००

**बैंकको नामः राष्ट्रिय बाणिज्य बैंक, सुर्खेत।**

३. **प्रशासन सुधार तथा सुझाव कार्यदललाई सहयोग तथा सहजीकरण गर्नेः** प्रदेश सरकार मातहतका सबै मन्त्रालय, कार्यालय एवं निकायहरूको मौजुदा सङ्गठन संरचनाको आवश्यक अध्ययन गरी ती निकायहरुको सेवा र कार्यबोझ बीच तादात्म्यता मिलाई सङ्गठन संरचनालाई चुस्त, दुरुस्त बनाउन मौजुदा सङ्गठन संरचनाको पुनरावलोकन गर्न गण्डकी प्रदेश सरकार, प्रदेश मन्त्रिपरिषद्को मिति २०८०।०६।०२ को निर्णयानुसार गठन भएको प्रशासन सुधार तथा सुझाव कार्यदललाई आवश्यक सहयोग तथा सहजीकरण गर्ने।

लक्ष्मी कुमारी बस्नेत
प्रमुख सचिव